जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ५५ २०७७ साल असोज ५ गते सोमबार (21 Sep. 2020 Monday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश २ को सत्ता अब ... ३ पृष्ठमा : विमानस्थलमा बढ्दै ... ३ पृष्ठमा : अफगानिस्तानका दुई ...

# दुई वर्षदेखी हराएका बालकको भारतबाट उद्धार

**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**

दुई वर्षदेखी हराएका एक बालकको सप्तरीको मानवअधिकार क्षेत्रमा काम गरिरहेको एक संस्थाले भारतबाट उद्दार गरि परिवारको जिम्मा लगाएको छ ।

सप्तरीस्थित सेतु समुदायिक विकास तथा मानवअधिकार मञ्च नामक संस्थाको सक्रियतामा रौतहट जिल्लाको यमुनामाई गाउँपालिका १ जेठरिया निवासी सलामुल नेशाकी १० वर्षिय छोरा रैयाजसँग पुनः मिलन गराएको हो ।



भारतको दिल्लीबाट फर्केकी बिहार राज्यको सुपौल जिल्ला डगमारा ग्राम पंचायत निवासी आभाराम र सुपौल जिल्लाकै बाल कल्याण एवं संरक्षण समितिको सहयोगमा सो संस्थाले भारतबाट उद्दार गरि परिवारको जिम्मा लगाएको छ ।

आठ वर्षको उमेर हुँदा रैयाज गाउँबाटै हराएका थिए । अहिले उनी १० वर्षका पुगिसकेका छन् । उनलाई गाउँकै सद्दाम हुसैन भन्ने व्यक्तिले ललाई फकाई भारतको दिल्ली पुऱ्याएको बालकका आफन्तको भनाई छ । बालकका आफन्तले सद्दाममाथी मानव बेचबिखन तथा ओसारपोसार र मानिस वेपत्ता अन्तरगत कारवाही चलाउन माँग गर्दै रौतहट जिल्ला प्रहरी कार्यालयमा उजुरी समेत दिएका छन् ।

प्रहरीले सद्दामलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान थालिएको जनाएको छ । रैयाजले गाउँकै ३० वर्षिय सद्दाम हुसैनले ललाई फकाई आफूलाई भारतको दिल्ली पुऱ्याएको बताए छन् । पहिलेदेखी

*बाँकी तीन पृष्ठमा*

## क्वारेन्टाइन केन्द्रबाट लाखौंको चोरी

**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**

कोरोना भाइरसको महामारी नियन्त्रण तथा रोकथामका लागि संचालित राजविराजस्थित राजदेवी क्वारेन्टाइनमा रहेका एक आंशकितको लाखौंका सामानहरु चोरी भएको छ ।

राजविराज वडा नं. १ डुमरी निवासी ३७ वर्षिय किशुन देव रामको शुक्रबार राती क्वारेन्टाईन केन्द्रमा सुतिरहेको अवस्थामा सबै सामानहरु चोरी भएको पीडितले बताएका छन् ।

बैदेशिक रोजगारका लागि दुबई गएका उनी १४ दिनअघि नेपाल फर्केपछि राजविराजस्थित राजदेवी क्वारेन्टाइनमा रहेका थिए । स्वदेश फर्किदा ल्याएको एलइडी, तीन थान मोबाइल, लत्ताकपडा तथा नगद तीन

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**सगरमाथा अञ्चलको एक मात्र**
**ओभरसियरी क्याम्पस**
**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
**(३ बर्षे)**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
**फारम भर्ने अन्तिम मिति** : २०७७ असोज १४ गते सम्म ।

**सम्पर्क :**
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
**फोन नं.**-०३१-५२०८३९, **मो.नं.** ९८०४७०१४२१, ९८२४७२०३९८

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।
**V-JTA** भेटनरी जे.टी.ए. १८ महिने

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७७/५/३० गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### बन्दको समयभन्दा खुल्ला समयमा मुल्य बढ्यो, निकाय बेखबर

विगत ६ महिनाको बन्दाबन्दीका कारण अहिले बजारमा खाद्य सामाग्रिसहित तरकारीको मुल्य आकाशिएको छ। बन्दाबन्दी खुलिसकेको अवस्थामा समेत खाद्यान्नको मुल्य बढेको बढ्रै छ। पसल पिच्छै मुल्य फरक फरक भेटिन्छ। जसकारण उपभोक्ता मर्कामा परिरहेका छन्। तर, अनुगमन गर्ने निकायको अतोपत्तो छैन्। चाडपर्वको बेला मात्र सक्रिय हुने ती निकाय अहिले आफ्नो सक्रियता देखाउन सकेको छैन्।

यस्तै तरकारी तथा फलफुल र हरियो तरकारीमा भने मुल्यले नयाँ रेकर्ड नै कायम गरेको छ। यसमध्य सबैभन्दा बढी प्याज प्रति किलो १०० पुगेको छ। यसको कारण भने अर्कै हुन सक्छ तर, फायदा क्रिकेताले उठाइरहेका छन्। अन्य तरकारीको मुल्य बन्दाबन्दीको समय भन्दा अहिले खुलेको समयमा बढी रहेको छ । यसप्रति पनि ति निकायको कुनै चासो छैन्। उपभोक्ता जतिसुकै पनि मर्कामा परे पनि निकाय आफ्नो फायदा भए मात्र जुरमुराउने बानीले जहिले पनि जनता मारमा पर्ने गरेका छन्। तसर्थ सम्बन्धीत निकायले जनताका लागि भए पनि सक्रियता देखाउनु पर्ने आवश्यकता रहेको. छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश २ को सत्ता अब महिलालाई दिनुपर्ने



**रामसुकुल मण्डल**

कुनै बेला पूर्वप्रधानमन्त्री एवम् नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालले नेपालमा गणतन्त्र स्थापना भएपछि महिलाहरू वडा सदस्यदेखि वडाध्यक्ष, उपप्रमुख, मेयर, प्रदेश प्रमुख तथा राष्ट्रपतिसम्म भएको उल्लेख गर्दै अब मुख्यमन्त्री बन्न बाँकी रहेको बताएका थिए। त्यसको ठिक दुई वर्ष अघि प्रदेश ३ मा मुख्यमन्त्रीको निर्वाचन हुँदा तात्कालीन एमालेकी अष्टलक्ष्मी शाक्यले पहिलो महिला मुख्यमन्त्री पाउने अवसर गुमाएकी थिइन्।

त्यतिबेला ७ प्रदेशमध्ये मुख्यमन्त्रीको एकमात्र दाबेदार थिइन् शाक्य। प्रदेशसभामा चुनाव लडेका र जितेका सबै पार्टीका महिलामध्ये राजनीतिक इतिहास र पदीय जिम्मेवारीका हिसाबले सबैभन्दा वरिष्ठ पनि थिइन् उनी। एमालेभित्र त केपी ओली र माधव नेपालहरु सरहको राजनीतिक इतिहास बोकेकी संघर्षशील महिला नेता पनि थिइन्। तर, पार्टीका शीर्ष नेताले पहल नगर्दा उनी चरम गुटबन्दीको शिकार बनिन्। त्यसअर्थमा अष्टलक्ष्मीको पराजय उनको व्यक्तिगत वा तात्कालीन एमाले भित्रको एउटा गुटको पराजय मात्र थिएन संघीय गणतन्त्र नेपालले गर्व गर्ने एउटा क्षण गुमाएको थियो भने ३३ प्रतिशत संवैधानिक अधिकार पाएका महिलालाई 'जिरो'मा पुगेको छ।

नेकपा नेता नेपालको प्रसंग यहाँ किन प्रस्तुत गरियो भने नेताहरुले महिलाको वकालत त धेरै गर्छन् तर जब महिलाले नेतृत्व गर्ने समय आउँछ त्यतिबेला आफूले गरेका वकालत हराएर जान्छ। नेता नेपालले त्यतिबेला पहल गरेको भए शाक्य देशकै पहिलो मुख्यमन्त्री हुने थिइन तर अन्ततः उनको आफनै पार्टीले बेइमानी गऱ्यो। प्रदेश २ मा पहि यदाकता महिलालाई मुख्यमन्त्री बनाउने कुरा नउठेको पनि होइन। अहिले प्रदेश सरकार नै परिवर्तन गर्ने सत्तारुढ जसपा भित्र उठिरहेको सन्दर्भमा महिलालाई सत्ताको चाबी सुम्पिनु पर्ने सवाल पनि उठिरहेको छ।

नेपालका हरेक आन्दोलनमा मधेशी महिलाको भूमिका रहँदै आएको छ। मधेश आन्दोलनले पनि हेपिएका, थिचिएका महिलालाई लड्न सिकाएको हो। २०७२ को आन्दोलनले मधेशी महिलालाई राजनीतिक र सामाजिक रूपले थप सचेत बनाएको छेस्। नेपालको पहिलो सशस्त्र संघर्षमा परासी, बुटवल, भगवानपुर तथा झन्डेनगरमा डा केआई सिंह नेतृत्वको आन्दोलनमा मधेशी महिला कौलपति देवीले पनि नेतृत्वदायी भूमिका निर्वाह गरेकी स्वर्णिम इतिहास रहेको छ।

यस्तै २०४६ मा प्रजातन्त्रका लागि भएको आन्दोलनका क्रममा सोहि वर्षको फागुन ९ गते धनुषाको यदुकुहामा प्रहरीले गोली चलाउँदा तीन मधेशी महिला सहिद भएका थिए। जानकीदेवी यादव, भुवनेश्वरीदेवी यादव, सोनावतीदेवी यादव नेपालकै प्रथम महिला सहिद हुन्।

माओवादीको १० वर्षे युद्धका बेला पनि असंख्य मधेशी महिला आन्दोलनमा होमिएका थिए। माओवादी युद्धमा दलित र थारु महिलाको बढी सहभागिता थियो।

यता २०६३ पछिका सबै मधेश आन्दोलनहरुमा पनि मधेशी महिलाको सक्रिय सहभागिता रहेको छ। मधेश आन्दोलन २०७२ मा त ६ जना मधेशी महिला सहिद भए। सयौं महिला घाइते भए भने दर्जनौं जेल गए। यसअघिको कुनै पनि आन्दोलनमा यति धेरै मधेशी महिलाको सशक्त भूमिका देखिएको थिएन। पछिल्लो आन्दोलनमा सबै वर्ग, समूह र जातका मधेशी महिलाको उत्साहजनक उपस्थिति रहेको छ।

मधेशी राजनीतिमा महिला बिना जनसहभागिताको काम पूरा हुन सक्दैन किनकि उनीहरू नै त्यस्ता आधा जनता हुन, जो दोहोरो शोषणमा पिल्सिएका छन्। त्यसमा पनि मधेशी महिलाको अवस्था एकदमै नाजुक रहेको छ। ती दलहरुमा उपाध्यक्ष, कोषाध्यक्षसम्म महिला त छ तर भूमिका भने न्यून देखिन्छ। नीति निर्माणमा, योजना निर्माणमा पनि उनीहरुलाई सहभागि गराएको देखिदैन। हरेक अंगमा मधेशी महिलाको अवस्था खराब रहेको देखिन्छ। राजनीतिमा महिला सहभागी हुनु भनेको राज्यको हरेक क्षेत्रमा समानुपातिक रूपमा क्रमिक विकास हुँदै जानु हो। मधेशको राजनीतिमा महिलाको सहभागिताले राजनीतिक व्यवहार, परम्परागत शैली र प्रक्रियामा सकारात्मक परिवर्तन आउन सकिन्छ।

मधेशी दलमा मधेश जनविद्रोहको समयकालीन अवस्थामा विरोधस्वरूप महिला शिक्षा कार्यक्रममार्फत राजनीतिक क्षेत्रमा महिलाको सहभागिता सुरु भएको थियो। २००४ सालदेखि राजनीतिक परिवर्तन हुँदै आइरहेको भए पनि हरेक दलभित्र महिलाको संख्यात्मक अवस्थामा खासै परिवर्तन हुनसकेको छैन। मधेश आन्दोलनपछि थुप्रै महिलाहरु राजनीतिमा उदाएका थिइन् तर आज उनीहरुलाई वेवास्ता गरिदैंछ।

सुरिता साह, निलम वर्मा, दुर्गा देवी, कलावत्ती पासवान, करिमा वेगम, रम्भा देवीलगातयका महिलाहरु अहिले राजनीतिकमा ओझेलमा परेकी छिन्।

हरेक क्षेत्रमा महिला जनसंख्याको आधारमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्ने व्यवस्था गरिएको छ। राज्यको नीति, योजना बनाउने राजनीतिक दलभित्र किन महिलाको सहभागिता हुन सकेन ठूला दलका केन्द्रीय समितिमा समेत ३३ प्रतिशत महिलाको सहभागिता हुन सकिरहेको अवस्था छैन भने मधेशी दलमा झन स्थिति दयनीय छ।

द्वारिकादेवी ठकुरानीका साथै, साहना प्रधान, मंगलादेवी, शैलजा आचार्य आदि २००७ साल यताको नेपाली राजनीतिमा जीवनपर्यन्त सक्रिय रहेका नामहरू हुन् तर मधेशको राजनीतिमा प्रवेश गर्ने अधिकांश महिलाहरूले बीचमै राजनीतिबाट अवकाश लिने वा हराउने गरेको छन् । केही सक्रिय रहे पनि नेतृत्व तहसम्म कमै पुग्न सकेका छन्। २०६२/६३ पछि मधेश विद्रोह र समानुपातिक निर्वाचन प्रणालीले ल्याएको अवसरका कारण धेरै महिलाहरू राजनीतिमा सक्रिय भएर उदाए पनि लामो समयदेखि निरन्तर राजनीतिमा सक्रिय महिला कमै पाइन्छ।

मधेश आन्दोलनमा केही विद्रोही महिलाहरुको जसरी उदय भएको थियो, उनीहरु त्यसरी नै हराएका छन्। ती मध्येका केही महिला प्रदेशसभा र स्थानीय तहमा छन् तर मधेश आन्दोलनबाट आएका धेरै महिलाहरु निष्क्रिय बनेका छन्।

चुनी खातुन, सरिता यादव, रानी शर्मा तिवारी, राधा कायस्थ, चन्द्रकाला कुशवाहा, रेणु यादव, आशा चतुर्वेदी, निलम वर्मा, सरिता गिरी, दुर्गा देवी, कलावती पासवान, करिमा वेगम, रम्भा देवी, काशीदेवी झा, गायत्री साह, आशा सरदार, ललिता साह, सेवकीदेवी दास, सलमा खातुन (सर्लाही), सुरिता साह चन्दा चौधरी, शैल महतो, सरिता यादव (सिरहा), डिम्पल झा, चान्द तारा, अनिता यादव लगायतका थुप्रै महिलाहरु मधेश आन्दोलनबाट केन्द्रीय राजनीतिमा आएका थिए। तर यसमध्ये अधिकांश महिलाहरु ओझेलमा परेका छन्। अहिले रानी शर्मा, रेणु यादव, सुरिता साह, करिमा वेगम, चन्दा चौधरी लगायतका सांसद हुन् भने केही महिलाहरु पार्टीमा सक्रिय छिन्। तर बाँकी राजनीतिबाट आझेलमा छन्। अहिले विभिन्न दलका २५ जना मधेशी महिला प्रतिनिधिसभा र राष्ट्रियसभा छन्। त्यसमा अधिकांश अनुहार नयाँ रहेका छन्।

२०६८ सालको जनगणना अनुसार कुल जनसंख्याको लगभग २६ प्रतिशत मधेशका मधेशी महिलाको जनसंख्या रहेको छ। पहिलो संविधानसभामा ३० जना महिलाले चुनाव जितेका थिए। त्यसमध्ये पाँचजना मात्र मधेशी मूलका महिला थिए। २०७० सालमा सम्पन्न भएको दोस्रो संविधानसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत १० जना महिलाले मात्र चुनाव जितेका थिए। त्यसमा चारजना मधेशी महिला थिए। २०६५ देखि २०७० को चुनावसम्म मधेशी महिलाको पहुँच राजनीतिमा कायमै थियो।

प्रदेश २ का बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी सबैभन्दा मधेशीहरुको बसोवास रहेको छ। त्यही जिल्लाबाट राजनीतिमा सबैभन्दा बढी महिलाको उपस्थिति थियो। तर उनीहरु लामो समय राजनीतिमा टिक्न सकेनन्। नटिक्नुका विभिन्न कारणहरु छन्। पार्टी नेतृत्वमा पुरुष हाबी हुनु र पुरूषसत्तात्मक सोचका कारणहरु महिलाहरु राजनीतिको उच्च तहसम्म पुग सकेका छैनन।

मधेशी महिलालाई राजनीतिमा पत्याउने दल नै छैन। अधिकांश राजनीतिक दल मधेशी महिलाको लामो राजनीतिक पृष्ठभूमि खोज्छन्। तर, मधेशी महिलाको लामो राजनीतिक पृष्ठभूमि छैन।

मधेशको राजनीतिमा पनि केही महिलाहरू सुरूदेखि नै सकृय रहे पनि कमले मात्र निरन्तरता दिएका छन्। निरन्तरता दिनेहरू पनि नेतृत्व तहमा पुगेको कमै मात्र उदाहरण छ। यसरी हेर्दा मधेश राजनीतिमा विभिन्न समयमा प्रशस्त महिलाहरू प्रवेश गरेको देखिन्छ, तर तीमध्ये धेरै जसोले बीचमै राजनीति छोड्ने वा निष्क्रिय हुने गरेको देखिन्छ। केही महिला मात्र लामो समयसम्म मधेश राजनीतिमा सक्रिय रहेका छन्।

प्रदेश २ मा मधेशी दलको सरकार छ। राजपा र समाजवादी एकीकरण भए पछि अब त्यहाँ एकल दलको सरकार भएको हो। पार्टी एकीकरण पछि नयाँ संसदीय दलको नेता निर्वाचित गर्नु पर्ने हुन्छ। वर्तमान मुख्यमन्त्री लालबाबु राउत समाजवादी पार्टीबाट निर्वाचित संसदीय दलको नेता हुन। अब एकीकृत पार्टीले नयाँ नेता चयन गर्नुपर्छ। नयाँ नेता चयन गर्दा कि त नयाँ अनुहार आउने छ वा पुरानै नेताले निरन्तरता पाउने छन्। यसै कारण अहिले मधेशमा नयाँ मुख्यमन्त्री छान्नु पर्ने आवाज पनि उठिरहेको छ। खासगरी अब प्रदेशको सत्ता महिलालाई दिनु पर्ने आवाज पनि उठिरहेको छ। प्रदेशमा महिलाले मौका पाउँदा मधेशले पहिलो मुख्यमन्त्रीको इतिहास पनि रच्ने छ भने मधेशी दलले वकालत गरिरहेको महिला मुक्ति र सशक्तिकरणको मुद्दा पनि ठोस रुपमा स्थापित हुनेछ। यसका साथै प्रदेश २ मा रहेका सबै दलका महिला सांसदहरुले यी मुद्दालाई पार्टीगत रुचिभन्दा वृहत्तर महिला हितको लागि सशक्त रुपमा पहल गर्नुपर्छ। मधेशले महिला मुख्यमन्त्री पाउनका लागि सबै दलका महिलाको एकल आवाज प्रदेश सभा भवनमा सुनिनुपर्छ। *मधेश दर्पण फिचर सेवा*

# विमानस्थलमा बढ्दै उडानको चाप

काठमाडौँ, ४ असोज (रासस)।

बन्दाबन्दीको करिब चार महिनाको अवधिमा पनि मुलुकको एक मात्र त्रिभुवन अन्तरराष्ट्रिघय विमानस्थलमा चार्टर्ड, कार्गो र उद्धार उडान गरी दैनिक १६ देखि १८ वटासम्म अन्तरराष्ट्रिय उडान भएका थिए। बन्दाबन्दी र निषेधाज्ञाको झण्डै पाँच महिनापछि अहिले निश्चित मापदण्डसहित सीमित सङ्ख्यामा नियमित अन्तरराष्ट्रिय उडान भइरहेको छ। पिसिआर सहज भएका मुलुकबाट नियमित अन्तरराष्ट्रिय उडान, अन्य केही मुलुकबाट चार्टर्ड उडान तथा नेपाली श्रमिक भएका मुलुकबाट उद्धार उडान पनि भइरहेका छन्।

अहिले अन्तरराष्ट्रिय विमानस्थलमा दैनिक २० वटा उडान तथा अवतरण हुने गरेको विमानस्थल कार्यालयले जनाएको छ। यो सङ्ख्या भनेको दैनिक १० एयरलाइन्स आवतजावत हो। कोभिड-१९ महामारीबाट सुरक्षित रहनका लागि स्वास्थ्य प्रोटोकल पालना गर्दै अन्तरराष्ट्रिय उडान भइरहेको छ। नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार अहिले सातामा जम्मा १०० अन्तरराष्ट्रिय उडान हुन्छन्। एयरलाइन्सले पालैपालो दैनिक १० वटासम्म उडान हुने गरेको छ।

शुरुमा नेपालका तीनसहित १२ अन्तरराष्ट्रिय उडान भर्ने वायुसेवा कम्पनीले प्राधिकरणबाट अनुमति लिएकामा पछिल्लो पटक सरकारले अन्तरराष्ट्रिय उडान सङ्ख्या बढाउने निर्णय गरेसँगै थप दुई एयरलाइन्सले अन्तरराष्ट्रिय उडानको अमुमति पाएका छन्। असोज १६ देखि नियमित अन्तरराष्ट्रिय उडान शुरु भएको थियो।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका महाप्रवन्धक देवेन्द्र केसीले अहिले नियमित, चार्टर्ड र उद्धार उडानसहित दैनिक १० वटाका दरले आगमन र प्रस्थान दुबै गरी २० उडान सञ्चालन भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार यो सङ्ख्या भनेको विगत बन्दाबन्दीको अवधिमा गरिएको उडानकै हाराहारी हो। अहिले जनशक्तिलगायत सबैखाले व्यवस्थापनका हिसाबले दैनिक २० भन्दा बढी उडान सञ्चालन गर्न नसकिने महाप्रवन्धक केसीले बताउनुभयो।

सोमबार असोज ५ गतेदेखि आन्तरिक उडान पनि सञ्चालनमा आउने भएपछि अन्तरराष्ट्रिय विमानस्थलको व्यस्तता अझ बढेको छ। स्वास्थ्य सावधानी अपनाएर सुरक्षित उडानका लागि जनशक्ति व्यवस्थापनदेखि स्रोतसाधनको उपलब्धतालगायत काममा विमानस्थल निकै व्यस्त हुनेछ। महाप्रबन्धक केसीका अनुसार अहिले भइरहेको अन्तरराष्ट्रिय उडानअन्तर्गत नियमित र चार्टर्ड उडानमा आउने यात्रुको पिसीआर रिपोर्ट नेटेटिभ भएमा सिधै घर वा गन्तव्य जान दिइन्छ। उद्धार उडानबाट आउने यात्रुले होल्डिङ सेन्टरमा जानुपर्ने हुन्छ। यो सबै व्यवस्थापनका लागि विमानस्थललाई निकै हम्मे पर्दै आएको विमानस्थल व्यवस्थापनले जनाएको छ।

विमानस्थलका अनुसार अहिले सबै प्रकारका उडानमार्फत दैनिक एक हजार २०० देखि एक हजार ५०० सम्म यात्रु नेपाल आएका छन्। यसरी आउने यात्रुको स्वास्थ्य प्रक्रियालगायत व्यवस्थापन गर्नुपर्ने भएकाले विमानस्थलमा चाप बढेको छ। अन्तरराष्ट्रिय विमानस्थल अहिले दैनिक २१ घण्टा सञ्चालनमा छ। अन्तरराष्ट्रिय विमानस्थलमा हाल तीन नेपालीसहित ३० वायुसेवा प्रदायक कम्पनीले अन्तरराष्ट्रिय उडान भर्दै आएका छन्।

आन्तरिकतर्फ १० हेलिकोप्टर कम्पनीसहित १९ वटा वायुसेवा प्रदायक कम्पनलीले सेवा सञ्चालन गर्दै आएका छन्। बन्दाबन्दीको छ महिनापछि असोज ५ देखि सञ्चालन हुने आन्तरिक उडानको सम्पूर्ण तयारी पूरा भएको विमानस्थलले जनाएको छ। वायुसेवा प्रदायकले पनि स्वास्थ्य प्रोटोकल पालना गरेर सुरक्षित उडानका लागि सबैखामस्ले तयारी गरिसकेका छन्। शुरुको एक साता सामान्य अवस्थाको २५ प्रतिशत मात्र आन्तरिक उडान हुनेछन्। क्रमशः उडान सङ्ख्या बढाइने नियामक प्राधिकरणले जनाएको छ। सामान्य अवस्थामा आन्तरिकतर्फ ३०० हाराहारी उडान हुने गरेको थियो।

# बोक्सीको आरोपमा एक महिलामाथि कुटपिट

लहान, ४ असोज (रासस)।

बोक्सीको आरोपमा सिरहाको नवराजपुर गाउँपालिकामा एक महिलामाथि कुटपिट भएको छ। स्थानीयवासीको कुटपिटबाट घाइते नवराजपुर-५ कसुन्डी निवासी ४५ वर्षीया मूर्तिदेवी यादवको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको आफन्तजनले जनाएका छन्।

गाउँका एक बच्चा बिरामी भएको र अर्का एक जनाको चट्याङ लागेर मृत्यु भएको विषयमा मूर्तिदेवीले टुनामुना गरी बोक्सी लगाएको आरोप लगाउँदै स्थानीयवासी धर्मनाथ यादव, उहाँका छोरा सन्तोष र सोही ठाउँका देवनाथ यादव, कृष्ण यादव, ब्रह्म यादव लगायतले मूर्तिदेवीलाई निर्घात कुटपिट गरेका मूर्तिदेवीका छोरा गणेश यादवले जानकारी दिनुभयो। "गत भदौ २९ गते राति आमा घरमा सुतिरहनुभएको थियो", उहाँले भन्नुभयो, "स्थानीयवासीले तथानाम गाली गर्दै आमालाई घरबाट बाहिर निकालेर सडकमा लगि निर्घात कुटपिट गरे, पछि खेतमा लगेर फालिदिए।" कुटपिट गर्नेहरूले प्रहरीमा उजुरी गरे चोरीको आरोपमा फसाई दिने धम्की दिँदै आएको उहाँको गुनासो छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक शालिकराम शर्माले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

# महामन्त्री कोइराला डिस्चार्ज

काठमाडौँ, ४ असोज (रासस)।

नेपाली काँग्रेसका महामन्त्री डा. शशांक कोइराला चाबहिलस्थित ओम अस्पतालबाट डिस्चार्ज हुनुभएको छ। गत मङ्गलबार कोरोना भाइरस (कोभिड-१९)को सङ्क्रमण देखिएपछि अस्पतालमा भर्ना हुनुभएका उहाँको स्वास्थ्यमा सुधार आएपछि डिस्चार्ज गरिएको अस्पतालका प्रबन्ध सञ्चालक बाबुकाजी कार्कीले जानकारी दिनुभयो।

बिहीबार महामन्त्री डा कोइरालाले भिडियो सन्देश जारी गर्दै आफू दुई तीन दिनमा नै अस्पतालबाट डिस्चार्ज हुने बताउनुभएको थियो। कोभिड-१९ को सङ्क्रमण देखिएपछि केही दिन होम आइसोलेसनमा बस्नुभएका उहाँमा ज्वरो र निमोनियाका कारण अस्पताल भर्ना हुनुभएको थियो।

महामन्त्री डा कोइरालाले डिस्चार्जपछि सामाजिक सञ्जालमा आफ्नो स्वास्थ्यस्थितिमा क्रमिक सुधार आएपछि डिस्चार्ज भएको उल्लेख गर्नुभएको छ। चिकित्सकको सल्लाहअनुसार केही दिन होमआइसोलेसनमा बस्नेसमेत उहाँले बताउनुभएको छ। महामन्त्री कोइरालाको उपचारमा अस्पतालका निर्देशक डा विश्वनाथ कोइरालाको नेतृत्वमा डा सुवोधसागर ढकाल र डा प्रमेशसुन्दर श्रेष्ठलगायतको टोली रहेको थियो।

*दुई वर्षदेखी ...*

चिनजान रहेका सद्दाम अंकलले दिल्ली घुम्न जाउँ, त्यहाँ पैसा पनि पाइन्छ भन्दै प्रलोभन देखाएपछि आफू घरमा कसैलाई जानकारी नै नगराई उनीसँग हिडेको बालक रैयाजले सुनाए।

त्यहा बस्दा धेरै काम गर्नुपर्ने, कुटाई खानु पर्ने हुनथालेपछि भागेर दिल्ली रेलवे स्टेशन पुगेको बेला डगमारा ग्राम पंचायतिकी आभाराम भन्ने आंटीसँग भेट भएको र उनले सोधपुछ गरेपछि सबै बृतान्त सुनाएको बालक रैयाज बताउँछन्।

आफू नेपालमा घर भएको तथा ठेगाना भने बिर्सेको बताएपछि राम आंटीले सीमा क्षेत्रमा ल्याई भारतकै सुपौलस्थित बाल कल्याण संरक्षण समितिमा राखिदिएको उनको भनाई छ। उक्त बाल कल्याण संरक्षण समितिका पदाधिकारी सुधिरकुमार मण्डल र बब्लुकुमार पासवानले बालकको फोटोसहितको विवरण मानव तथा बाल अधिकार क्षेत्रमा कार्यरत सेतु समुदायिक विकास तथा मानव अधिकार मञ्च सप्तरीलाई पठाई ठेगाना पत्ता लगाइदिन सहयोगका लागि अनुरोध गरेपछि संस्थाका अध्यक्ष जंगबहादुर सिंह, महिला तथा बालबालिका प्रमुख आभासेतु सिंह भारत गई बालकलाई भेटेका थिए।

जिल्ला प्रहरी कार्यालयमा संस्थाका अध्यक्ष सिंह महिला विभागकी प्रमुख आभासेतु सिंह, यमुनामाई गाउँपालिका १ का वडाअध्यक्ष नन्दलाल राय यादव, कोक्याप काठमाडौंका प्रतिनिधि राजहंश कुमार लगायतको उपस्थितिमा बालकलाई आमाको जिम्मा लगाइएको छ।


पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं।

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री-उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### अफगानिस्तानका दुई जिल्लामा तालिबानको आक्रमण, चार प्रहरीसहित २१ को मृत्यु

फैजाबाद, ४ असोज (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी प्रान्तका दुई जिल्लामा तालिबानका लडाकूले भीषण हमला गरेका छन्।

तालिबानी सशस्त्र लडाकूले गरेको सो हमलामा परी २१ जनाको ज्यान गएको अधिकारीले जानकारी दिएका छन्।

उत्तरी अफगानिस्तानको सुहादा र खास जिल्लाका कैयौं स्थानमा उनीहरुले हमला गरेका हुन्। ती हमलामा परी १७ जना तालिबानी लडाकू नै मारिएका बताइएको छ।

त्यसमा परी चार जना प्रहरी पनि मारिएका छन्। आइतबार बिहान ती दुई जिल्लाका सहरमा उनीहरुले हमला गरेका बताइएको छ। सुनियोजितरुपमा एकै पटक ती सहरमा हमला गरिएको अधिकारीले जनाएका छन्। हमलाका क्रममा चार जना प्रहरी पनि मारिएका उनीहरुको भनाइ छ।

सुहादा जिल्लाका सहरमा १० जना र खास जिल्लाको एक सहरमा अरु सात जना मारिएका बताइएको छ। उनीहरुले सुरक्षा जाँच चौकीमा आक्रमण गरेका थिए। यस क्रममा १० जना तालिबान लडाकू र अरु सात जना प्रहरी घाइते भएका बताइएको छ। हालैमात्र अफगान सरकार र त्यहाँका ताबिलानबीच कतारको राजधानी दोहामा शान्ति वार्ता शुरु भएको छ।

वार्ता जारी नै रहेका बेला यता तालिबानले भने आक्रमण शुरु गरेका छन् तर पनि यस विषयमा तालिबानी समूहका तर्फबाट भने कुनै पनि प्रतिक्रिया आएको छैन।

### विश्वमा संक्रमितको संख्या तीन करोड नौ लाख नाघ्यो

वासिङ्टन, ४ असोज (रासस/एएफपी)।

विश्वभरी कोरोना भाइरस सङ्क्रमितको संख्या तीन करोड नौ लाख नाघेको संयुक्त राज्य अमेरिकास्थित जोन्स हप्किन्स विश्वविद्यालयले जनाएको छ। कोरोना भाइरस सङ्क्रमितको संख्या तीन करोड नौ लाख ९२ हजार ९८० पुगेको आइतबार प्राप्त समाचारमा जनाइएको छ।

चीनको वुहानमा गत वर्ष पहिलो पटक देखिएको कोरोनाभाइरसबाट हालसम्म मृत्यु हुनेको संख्या नौ लाख ६१ हजार नाघेको पनि सो विश्वविद्यालयले जनाएको छ। यद्यपी विश्वमा कोरोना भाइरस सङ्क्रमित दुई करोड २५ लाख ८७ हजार ९०५ व्यक्ति कोरोना मुक्त भएका छन्।

कोरोनाभाइरसबाट विश्वमै सबैभन्दा धेरै सङ्क्रमण र मृत्यु अमेरिकामा भएको छ। हालसम्म अमेरिकामा ६९, ६७,४०३ भन्दा बढी सङ्क्रमित भएका छन् भने दुई लाख तीन हजार ८२४ जनाको मृत्यु भएको उक्त विश्वविद्यालयले जनाएको छ। दोस्रो धेरै सङ्क्रमित भारतका छन् भने तेस्रो बढी सङ्क्रमित रहेको देश ब्राजिल हो।

मृतकको संख्याको हिसाबले ब्राजिल दोस्रो स्थानमा छ भने भारत तेस्रो स्थानमा छ। भारतमा कोरोनाभाइरस सङ्क्रमितको सङ्ख्या ५४ लाख नाघेको छ।

ब्राजिलमा १,३६,५६५ जनाले कोरोनाभाइरसबाट ज्यान गुमाएका छन् भने भारतमा हालसम्म ८६,७२४ जनाको मृत्यु भएको छ। रुस १०,९७,२५१ सङ्क्रमितसहित चौथो स्थानमा छ भने पाँचौं स्थानमा रहेको पेरुमा ७,६२,८६५ व्यक्ति सङ्क्रमित छन्।

विश्व स्वास्थ्य संगठनका अनुसार कोरोनाभाइरसबाट हालसम्म सबैभन्दा नराम्ररी प्रभावित देशका रूपमा अमेरिका, भारत र ब्राजिल रहे पनि पछिल्ला हप्तामा युरोपमा बढ्दो क्रममा सङ्क्रमण देखिएको छ।

### भारतमा एकैदिनमा ९२ हजार ६०५ संक्रमित, कुल संक्रमितको संख्या ५४ लाख भन्दा बढी

नयाँदिल्ली, ४ असोज (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट एक दिनमा ९२ हजार ६०५ पुगेको छ। योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएकाको कुल सङ्ख्या ५४ लाखभन्दा बढी पुगेको छ।

केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा पछिल्लो २४ घण्टामा मात्रै कोरोनाकै कारणले एक हजार १३३ जनाको मृत्यु भएको जनाएको छ।

भारतमा कुल सङ्क्रमितमध्ये अहिले पनि दश लाख १० हजार ८२४ जना सङ्क्रमित अवस्थामै रहेका छन्। भारतमा सङ्क्रमितमध्ये ४३ लाख तीन हजार ४४ जना भने सङ्क्रमणमुक्त भइसकेका छन्। मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म कुल ५४ लाख ६२० जना सङ्क्रमित भएका हुन्।

प्रदेशअनुसार हेर्दा सवैभन्दा धेरै महाराष्ट्र प्रदेशमा सङ्क्रमित भएका छन्। महाराष्ट्रमा अहिले पनि तीन लाख एक हजार २७३ जना सङ्क्रमित अवस्थामै रहेका छन् भने कर्नाटकमा एक लाख एक हजार १४८ जना सक्रिय सङ्क्रमित छन्।

त्यसैगरी आन्ध्र प्रदेशमा ८८ हजार १९७ जना, उत्तर प्रदेशमा ६८ हजार २३५ र दिल्लीमा ३१ हजार ७२१ जना सङ्क्रमित अहिलेपनि उपचारकै क्रममा रहेको अधिकारीले जनाएका छन्।

भारतीय मेडिकल रिसर्ज काउन्सीलका अनुसार भारतमा अहिलेसम्म छ करोड १५ लाख ७२ हजार ३४३ जनाको कोरोना परीक्षण गरिएको छ।

# २७ जना थपिएसँगै सप्तरीमा संक्रमितको संख्या १ हजार २ सय नाघ्यो

**दैनिक समाचारदाता राजविराज, ४ असोज ।**

सरकारले पूर्ण रुपमा लकडाउन हटाएसँगै अहिले मुलुकभरि कोरोना संक्रमितको संख्या बढ्ने क्रममा रहेको छ ।

सप्तरीमा पनि दिनानुदिन संक्रमितको संख्या बढ्दै गएको छ । यसैबीच आइतबार सप्तरीमा २७ जना संक्रमित थपिएका छन् ।

जसमा सुरक्षाकर्मीसहितका रहेका छन् । स्वास्थ्य कार्यालय सप्तरीका अनुसार जिल्ला प्रहरी कार्यालय सप्तरीका दुई पुरुष र राजविराजस्थित भिमदल गणका एक पुरुषलाई कारोना संक्रमण पुष्टि भएको हो ।

यस्तै राजविराज नगरपालिकामा १५, विष्णुपुर गाउँपालिकामा ५, रुपनी गाउँपालिकामा १, तिलाठि कोईलाडि गाउँपालिकामा ३ जनालाई कोरोना संक्रमण पुष्टि भएको छ ।

योसँगै सप्तरीमा कोरोना संक्रमितको संख्या १ हजार २ सय ४ पुगेको छ भने संक्रमित मध्ये ९ जनाको मृत्यु भएको छ ।

यस्तै ८ सय २ जना निको भएका छन् भने हाल ३ सय ९३ जना जिल्लामा संक्रमित रहेको स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

*क्वारेन्टाइन ...*

हजारसमेत चोरी भएको उनले बताए ।

क्वारेन्टाइन केन्द्रको एक कोठामा उनीसँग एक जना साथी पनि सँगै थिए । तर, उनकै मात्र सामानहरु चोरी भएपछि रामले केन्द्रको व्यवस्थापन पक्षसँग कुरा गर्दा कसैले जिम्मा नलिएको गुनासो पोखे ।

क्वारेन्टाइन केन्द्रको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरु बाहिर मात्र सुरक्षा दिने गरेको तर, कोठा पिच्छै सुरक्षा दिन नमिल्ने भन्दै पन्छिएका छन् ।

# तीन दिने बालभित्ते पत्रिका तालिम सम्पन्न



**दैनिक समाचारदाता राजविराज, ४ असोज ।**

सेभ द सप्तरी र सेभ द चिल्ड्रेनको संयुक्त साझेदारीमा समुन्नति कार्यक्रम अन्तर्गत संचालित तीन दिने बालभित्ते पत्रिका प्रकाशन सम्बन्धी तालिम आइतबार सम्पन्न भएको छ ।

जिल्लाको बिष्णुपुर गाउपालिका वडा नं. १ स्थित जमुनी मधेपुराको कोटवी जनता राप्राविको प्राङ्गणमा सम्पन्न भएको हो ।

कोरोना भाईरसको संक्रमणको अबस्थामा स्वास्थ्यका सम्पुर्ण माध्यम अपनाएर, समाजिक दुरी कायम गरेर यस क्षेत्रका बालबालिकाहरूलाई बालभित्ते पत्रिका प्रकाशन सम्बन्धी तालिम सम्पन्न भएको सेभ द सप्तरीका सुपरभाईजर राजिव चौधरीले बताए ।

यस तालिममा पश्चात् हामीहरूले आफ्ना गाउँठाउका समस्याहरूलाई बालभित्ते पत्रिका मार्फत समुदायमा उजागर गर्न समुदायका मानिसहरू सचेत, शिक्षित र सवल बनाउन सघाउ पुग्ने सहभागी छात्र दिपमाला यादबले बताईन ।

पत्रिका नपुग्ने ठाउमा यस बालभित्ते पत्रिकाले त्यस समुदायका लागि उपयोगिसँगै समुदायको बिकासको लागि आबश्यक सन्देश पुऱ्याउन, बाहिरको समाचार र जानकारी समुदायमा पुऱ्याउन र बाहिर बाङ्न र लैजान बालभित्ते पत्रिकाले प्रभाबकारी भुमिका खेल्ने तालिमका सहजकर्ता तथा पत्रकार चन्दनकुमार यादबले बताए ।

यस बालभित्ते पत्रिका निकाल्न सजिलो र सस्तो पर्नुको साथै बालवालिकाको क्षमता तथा लेखन सीपको बिकास हुनेछ भने एकातिर सुमदायमा सुचनाको पहुच बढाउनुको साथै समाजमा जडा गाडेका कुरिति, अन्धबिश्वास, अनियमितता, भ्रष्टाचार हटाउन र बिकासका सन्देश फैलाउन ठुलो मद्दत पुग्ने फिल्ड अफिसर ललिता मण्डलले बताईन ।

बालभित्ते पत्रिकाको उत्पादन, सम्पादनमा वालवालिकाहरूको संलग्नताले पत्रिकाको उपयोगिता र प्रभाव बढाउने बताईन ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू


ज्वरो (१००.४°F भन्दा माथि)


श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।


खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।


पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*